नेपाल सरकार

# सार्वजनिक खरिद पुनरावलोकन समिति

अध्यक्ष श्री मोहन कृष्ण सापकोटा

सदस्य श्री महेन्द्र बहादुर गुरुङ

सदस्य श्री वासुदेव शर्मा पौडेल

बाट भएको निर्णय

## मुध्दा नं. १९९

## आ.व. २०७९/८० को निर्णय नं. ०७

विषयः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम पुनरावलोकन गरी पाऊँ।

जिल्ला काठमाण्डौं का.म.न.पा. वडा नं. ०५ टंगालस्थित बिकोइ-मन्त्रम जे.भी. (BKOI-MANTRAM JV) को तर्फबाट अधिकार प्राप्त ऐ.ऐ. बस्ने वर्ष ३१ को नृपेश कोइराला, फोन नं. ९८०१३२६९७० ईमेलः nripeshkoirala@gmail.com, bbkoibuilders@yahoo.com; info@bkoibuilders.com ...... निवेदक ..... १

विरुध्द

श्री नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरबार मार्ग, काठमाण्डौं (Nepal Electricity Authority, Distribution and Consumer Services Directorate, Material Management Division, Durbar Marg, Kathmandu) फोन नं. ९७७ ०१ ४१५३१५२ ईमेलः mmd@nea.org.np; mmddcsd@gmail.com ........................................ विपक्षी............................................ १

ऐ. का निर्देशक ..................................................... विपक्षी ............................................ १

निवेदकको मागदावीः

निवेदक बिकोई-मन्त्रम जे.भी.ले मिति २०७९/१०/१५ मा यस समितिमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम पुनरावलोकन गरी पाउँ भनि दर्ता (दर्ता नं. ५२) गरेको निवेदनको दावी निम्न अनुसार रहेको छ ।

१. विपक्षी नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरबार मार्ग, काठमाण्डौंले The Rising Nepal राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरी Invitation for Electronic Bids भनी सर्वप्रथम Supply and Delivery of LT Aerial Bundled Conductor (ABC), Tender No. ICB/DCSD-079/80-14 को लागि 7th September 2022 मा 23rd October 2022 मा Date of Submission हुने गरी सूचना प्रकाशित गरेको; उक्त खरिद प्रक्रियामा कसैले पनि Tender नराखेको कारण 31st October 2022 मा 23rd November 2022 मा Date of Submission हुने गरी Supply and Delivery of LT Aerial Bundled Conductor (ABC), Tender No. RE_ICB/DCSD-079/80-14 का लागि भनी पुनः सूचना प्रकाशित गरेको, बोलपत्रहरु दाखिल हुनुअगाडि मिति 9th November र 18th November 2022 मा गरी दुईवटा Addendum जारी भएको तथा त्यसबीच Date of Submission लाई समेत संशोधन गरी 7th December 2022 मा सारिएको।

२. बोलपत्रको सूचना तथा सो सम्बध्द कागजात (संशोधित समेत) अनुसार निवेदक BKOI-Mantram जे.भी. (संयुक्त उपक्रम) बाट बोलपत्र डकुमेन्ट तथा प्रचलित कानून बमोजिमका आवश्यक सबै Qualification Criteria पुग्ने कागजात राखी विधिवत रुपमा ७ डिसेम्बर २०२२ (मिति २०७९/०८/२१) १०:२१ मा प्रस्ताव (Electronic Bids) पेश गरेको। सोही दिन बोलपत्रहरु खोलिँदा BKOI-Mantram JV को मात्र एकल बोलपत्र प्रस्ताव परेको देखिएको।

३. बोलपत्र मूल्याङ्कनको क्रममा विपक्षी नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देसनालयले मिति 22nd December 2022, ref. 079/80/DCSD/MMD/-401 को पत्रमार्फत हामीसंग Clarification माग गरेको र माग भएको सम्पूर्ण Notarized Document हरु 28th December 2022 भित्र पेश गर्ने, अन्यथा Failure to submit the response within the mentioned period may lead to rejection of your bid भनी पत्राचार गरेकोमा हामीले मिति 27th December 2022 मा नै माग भए अनुसारका प्रमाणित कागजातहरु संलग्न गरी Clarification पेश गरेको।

४. हामीलाई बिना कुनै जानकारी विपक्षी नेपाल विद्युत प्राधिकरणले मिति 23rd January 2023 को The Rising Nepal राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरी Invitation for Electronic Bids भनी सोही काम 'Supply and Delivery of LT Aerial Bundled Conductor (ABC) को लागि IFB No. ICB/DCSD-079/80-23 अन्तर्गत पुनः बोलपत्र आह्वान गरी उक्त सूचनामा 'The concerned bidders are notified that none of the received bids was evaluated as substantially responsive bids for IFB No. RE-ICB/DCSD-079/80-14: Supply and Delivery of LT Aerial Bundled Conductor (ABC) dated 31 October 2022 and has been annulled' भनी बोलपत्र रद्द गरी पुनः बोलपत्र आह्वान गरेको।

५. विपक्षीलाई 23 Jan 2023 को पत्र मार्फत हामी निवेदकले पेस गरेको प्रस्ताव (बोलपत्र) अस्वीकृत गर्ने निर्णय प्रचलित कानुन एवम् Evaluation Criteria भन्दा विपरीत रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम उक्त निर्णय पुनरावलोकन गरी पुनः बोलपत्र आह्वान भएको सूचना बदर गरी प्रचलित कानून एवम् बोलपत्र कागजातमा उल्लेख भएबमोजिम सारभूतरुपमा प्रभावग्राही रहेको हाम्रो प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताव खोली पाउनका लागि विपक्षी कार्यालयका प्रमुखसमक्ष निवेदन दिएकोमा सार्वजनिक निकायका प्रमुखबाट गलत कार्य सच्याउने कार्य नगरी गैरकानूनी कार्यलाई नै निरन्तरता दिएकोले पुनरावलोकनका लागि यो निवेदन दिएको।

६. सार्वजनिक खरिदको मान्य सिध्दान्त एवम् Evaluation सम्बध्द कागजात समेतको प्रतिकुल गै निवेदकले पेश गरेको प्रस्ताव प्रभावग्राही नरहेको ठहर गरी भएको निर्णय एवम् Jan 23, 2023 मा The Rising Nepal राष्ट्रिय दैनिकमा प्रकाशित Invitation for Electronic Bids सम्बन्धी प्रकाशित सूचना समेत बदर गरी सा.ख. ऐन, २०६३ को दफा ५० (५) ख (१), (२), (३) बमोजिम अनाधिकृत निर्णयलाई पूर्णरुपमा रद्द गर्ने गरी आवश्यक एवम् निर्देशनात्मक आदेश साथै प्रस्ताव मूल्याङ्कनमा त्रुटी रहेको हुँदा पुनःमूल्याङ्कन गरी निवेदकबाट पेश भएको प्रस्ताव प्रभावग्राही रहेको ठहर गरी निवेदकलाई बोलपत्रको अन्य चरणको काम कारवाहीमा समावेश गर्नु गराउनु भनी विपक्षी नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहकसेवा निर्देशनालय दरबारमार्ग, काठमाण्डौंका नाउँमा निर्देशनात्मक आदेश जारी गरीपाऊँ।

## सार्वजनिक निकायको प्रतिक्रियाः

यस सार्वजनिक खरिद पुनरावलोकन समितिमा मिति २०७९/१०/१५ मा निवेदक श्री बिकोई-मन्त्रम जे.भी. को निवेदन पर्न आएपछि मिति २०७९/१०/१६ गते सार्वजनिक निकाय श्री नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहकसेवा निर्देशनालय, दरवारमार्ग काठमाण्डौंलाई खरिद प्रकिया रोक्का राखी प्रतिक्रिया तथा आवश्यक कागजातका लागि लेखिपठाएकोमा तहाँबाट प.सं. ०७९/८० च.नं. ६४५ मिति २०७९/१०/१९ गते लिखित प्रतिक्रिया र कागजात प्राप्त हुन आयो, जसको सारसंक्षेप देहाय बमोजिम रहेको छ।

१. बोलपत्र नं. RE-ICB/DCSD-079/80-14: Supply and Delivery of LT Aerial Bundled Conductor (ABC) का लागि आह्वान गरिएको बोलपत्र कागजात माग गरिएको Qualification Criteria अनुसार सो बोलपत्रमा भाग लिएका एकमात्र बोलपत्रदाता बिकोई-मन्त्रम जे.भी. को बोलपत्र सारभूतरुपमा प्रभावग्राही नभएको हुँदा मिति 23 Jan 2023 को सूचना मार्फत सो बोलपत्र प्रक्रिया रद्द गरिएको सार्वजनिक जानकारी प्रकाशित गरिएको थियो।

२. प्रथम पटक मिति 07 Sept. 2022 मा प्रकाशित IFB Number ICB/DCSD/079/80-14: Supply and Delivery of LT Aerial Bundled Conductor (ABC) बोलपत्रको सूचना अनुसार Last Date of Submission 23 Oct. 2022 राखी सूचना प्रकाशित गरिएकोमा कुनै पनि बोलपत्र दर्ता हुन नआएपछि ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावलीको विनियम १२८ को ४(क) बमोजिम २१ दिनको अवधि दिएर पुनः बोलपत्र सूचना दोस्रो पटक आह्वान गरिएको थियो।

३. पुनः सूचना प्रकाशित भए पश्चात् बिभिन्न संभावित बोलपत्रदाताहरुबाट सोही कार्यका लागि विगतमा बोलपत्रको सूचना प्रकाशित भएको र कुनै पनि बोलपत्रदाताको प्रस्ताव नपरेको सम्बन्धमा मौखिक र लिखित गुनासाहरु प्राप्त भएको तथा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी Standard Bidding Document को प्रावधान प्रतिकुल नहुनेगरी प्रतिष्पर्धा वृध्दि गर्ने उद्देश्यले बोलपत्र कागजातको Invitation to Bidder Clause 9.1 बमोजिम केहि संशोधन गरिएको थियो।

४. बिगतमा पनि बोलपत्रमा बोलपत्रदाताको सहभागिता नभएकोलेपुनः बोलपत्र आह्वान गर्नु परेको साथै संघीय र प्रदेशको निर्वाचनका घोषित विदा र शनिबारका कारण लगातार धेरै दिन विदा परी कार्यालय बन्द भएको कारण बोलपत्र बुझाउने मिति 23 Nov 2022 बाट १४ दिन थप गरी मिति 07 Dec 2022 सम्म कायम गरिएको।

५. eGP मा बोलपत्र बुझाउने अन्तिम मिति 07 Dec 2022; 12:00 Hrs रहेको र सोही दिन 13:00 Hrs मा प्राविधिकप्रस्ताव खोलिएकोमा BKOI-Mantram JV को प्रस्ताव प्राप्त भएको।

६. बोलपत्र मूल्याङ्कन गर्न ने.वि.प्रा. को आ.प्र. विनियमावलीकि विनियम २१७ बमोजिम गठित बोलपत्र मूल्याङ्कन समितिबाट मिति २०७९/१०/०४ मा प्राविधिक प्रस्ताव मूल्याङ्कन प्रतिवेदन प्राप्त भएको थियो।

७. बोलपत्र कागजातको Evaluation and Qualification Criteria Clause 2.4.2 को आवश्यकताहरु पुष्टि गर्न पर्याप्त कागजातहरु नभएकोले बोलपत्रदाताले पहिले नै बुझाएको Specific Experience Form-2 को लागि समर्थन गर्ने थप कागजातहरु पेश गर्न बोलपत्रदातालाई मिति 22 Dec 2022 मा पत्राचार गरिएको। बोलपत्रदाताबाट निर्धारित समयभित्र स्पष्टीकरण लगायतका कागजात पेस भै मूल्याङ्कन अगाडि बढाइएको।

८. बोलपत्रदाताले बोलपत्रसाथ पेश गरेको कागजात अनुसार Mantram Industries Pvt. Ltd., India यस बोलपत्र अन्तर्गत खरिद गरिने सामानको निर्माता र निर्यातकर्ता रहेको र बोलपत्र कागजातको Bidding Data Sheet को SubClause 12.2(h)(b) and SubClause 11.1 of Technical Specification अनुसार बोलपत्रदाताले पेश गर्नुपर्ने ISO 9001 Certificate मा Design in scope of registration रहनु पर्ने प्रावधान रहेकोमा पेश भएको ISO 9001 Certificate मा Design in scope of registration नरहेकोले बोलपत्रदाताको प्रस्ताव Non-responsive ठहर गरी मूल्याङ्कन कमिटीले प्राविधिक प्रस्ताव मूल्याङ्कन प्रतिवेदनमा बोलपत्र प्रक्रिया रद्द गर्न सिफारिस गरेको।

९. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा १ (क) तथा ने.वि.प्रा. आ.प्र. विनियमावलीको विनियम १५४ को उपनियम १(क) बमोजिम सारभूतरुपमा प्रभावग्राही नरहेको बोलपत्रकोखरिद कारवाही रद्द गर्ने अधिकार सार्वजनिक निकाय ने.वि.प्रा. मा रहेबाट सोही अनुसार गरिएकोमा निज निवेदकहरुबाट माग गरिए अनुसार आफ्नो हानी नोक्सानी भयो भनी जिकीर गरेको उचित देखिँदैन।

१०. सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावली, २०६८ मा भएका प्रावधान अनुरुप गरिएको खरिद कारवाही सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी Standard Bidding Document कै परिधिमा रहेर गरिएको हुनाले निज निवेदकको निवेदन उपर थप कारवाही हुन आवश्यक नभएको हुँदा निजको निवेदन खारेज हुन समिति समक्ष अनुरोध गर्दछु।

## अध्ययन अवलोकनः

### *बोलपत्रको सार्वजनिक सूचना र मुचुल्का*

सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, काठमाण्डौंद्वारा Contract ID: ICB/DCSD-079/80-14 Supply and Delivery of LT Aerial Bundled Conductor (ABC) का लागि भनी देहाय बमोजिम दुई पटक बोलपत्रको सूचना जारी गरिएको देखिन्छः

१. पहिलो सूचना जारी मितिः 07 September 2022

   IFB ID No. ICB/DCSD-079/80-14 Supply and Delivery of LT Aerial Bundled Conductor (ABC)
   Last Date of Bid Submission: 23 Oct 2022
   No. of Bids submitted: 0 (Zero)

पहिलो सूचना अनुसार कुनै पनि बोलपत्र दर्ता हुन नआएपछि ने.वि.प्रा. आ.प्र.नि. को विनियम १२८ को ४(क) बमोजिम सोही कामका लागि २१ दिने दोस्रो बोलपत्रको सूचना जारी भएको देखिन्छ।

२. दोस्रो सूचना जारी मितिः 31 October 2022

   IFB ID No. RE-ICB/DCSD-079/80-14 Supply and Delivery of LT Aerial Bundled Conductor (ABC)
   Last Date of Bid Submission: 23 Nov. 2022

   यसबिच सार्वजनिक निकायले गुनासो सम्बोधन गर्न तथा सार्वजनिक खरिद अनुगमन कार्यालबाट जारी Standard Bidding Document को प्रावधान प्रतिकुल नहुनेगरी प्रतिष्पर्धा वृध्दि गर्न भनी Instruction to Bidder (ITB) Clause No. 9.1 मा केही संशोधन गरेको तथा संघीय र प्रदेश तहको आम निर्वाचनका कारण भनी १४ दिन म्याद थप गरेको।

   Last Date of Bid Submission after extension: 07 Dec. 2022

No. of Bids submitted: 1 (One)
Single bid of BKOI-Mantram JV Nep/India
Capacity: Supplier/Manufacturer

मिति 07 Dec 2022 (२०७९/०८/२१) गते दिनको १२ बजेभित्र eGP System मा दर्ता भै सोही दिन दिउँसो १:०० बजे खोल्दा बोलपत्र पेश गर्ने एक मात्र बोलपत्रदाताको स्थिति मुचुल्का अनुसार देहाय बमोजिम रहेको देखिन्छ।

तालिका- १ मुचुल्का अनुसार बोलपत्रको सूचनामा उल्लेखित बिवरण

| S.No. | Bidder's Name and Address | Bid Security Amount (NRs) | Remarks | Date and Time |
|---|---|---|---|---|
| 1. | M/S BKOI/Mantram JV, | USD 350,000 | Submitted | 07-12-2022, 11:52 |

***मूल्याङ्कन समिति गठन र प्राविधिक मूल्याङ्कन***

सार्वजनिक निकायले बोलपत्र मूल्याङ्कनका लागि मिति २०७९/०५/२० गठन गरेको बोलपत्र मूल्याङ्कन समिति देहाय बमोजिम रहेको छः

| | |
|---|---|
| १. श्री अच्युत बाबु घिमिरे | संयोजक |
| २. श्री केदार राज सिलवाल | सदस्य |
| ३. श्री चुडामणि आचार्य | सदस्य |
| ४. श्री तोम लाल सुबेदी | सदस्य |
| ५. श्री कुबेर नाथ पोखरेल | सदस्य |
| ६. श्री प्रज्वल खड्का | सदस्य सचिव |

***बोलपत्र मूल्याङ्कन समितिद्वारा बोलपत्र मूल्याङ्कन र बैठकका निर्णयहरुः***

बोलपत्र मूल्याङ्कन समितिको बैठकको माइन्युट अध्ययन गर्दा मूल्याङ्कन समितिले मूल्याङ्कनका कामहरु मिति २०७९/०८/२१ मा बोलपत्र परिसकेपछि बिभिन्न समयमा गरिरहेको देखिन्छ, यद्यपि बैठक बसेको मिति उल्लेख छैन। अन्तिममा मिति २०७९/१०/०४ (18 Jan 2023) मा बैठक बसी त्यसअघि भए गरेका सबै कार्यहरुलाई समेटेको देखिन्छ।

**बोलपत्र मूल्याङ्कन प्रतिवेदन**

मिति २०७९/१०/०४ मा तयार गरी पेश गरिएको **बोलपत्र मूल्याङ्कन प्रतिवेदन** ११ पृष्ठ लामो छ, अङ्ग्रेजी (English) भाषामा तयार गरिएको छ र सो प्रतिवेदन अनुसार निवेदक BKOI-Mantram JV को बोलपत्र मूल्याङ्कनको स्थिति देहायबमोजिम देखिन्छ।

**1. Introduction**

यस खण्ड अन्तर्गत सामान्य परिचय, एक मात्र बोलपत्र दर्ता भएको, मुचुल्का उठाइएको तथा बोलपत्र मूल्याङ्कन समिति गठन भएको व्यहोरा लेखिएको छ।

**2. Examination of Bid Validity**

यस खण्ड अन्तर्गत बोलपत्रदाता BKOI-Mantram JV ले पेश गरेको बोलपत्र जमानतको अंक रु. ४,६५,००,०००/- र मान्यहुने अवधि May 14, 2023 सम्म रहेकोले पर्याप्त भएको भनी मूल्याङ्कित गरिएको देखिन्छ।

**3. Examination of Eligibility of the Bidders**

यस खण्ड अन्तर्गत ५ वटा बूँदाहरुमा बोलपत्रदाता BKOI-Mantram JV Nepal/India का साझेदारहरुको कानुनी योग्यता परीक्षण गरिएको र योग्य (eligible) पाइएको भनी उल्लेख गरिएको देखिन्छ।

**4. Examination of Completeness of Bids**

यस खण्ड अन्तर्गत पेश हुन आएको बोलपत्रलाई १५ बुँदा र १५औ बुँदालाई ११ उपबुँदा गरी जम्मा २५ बुँदामा पूर्णता (Completeness) को परीक्षण गरिएको देखिन्छ। मूलतः बोलपत्र कागजातले माग गरेका बिभिन्न कागजपत्रहरु, प्रमाणपत्रहरु तथा फारमहरु भरी पेस गरिएको छ छैन भनी गरिएको यस विस्तृत परीक्षणलाई Findings को शिर्षक अन्तर्गत १२ वटा बुँदामा देहाय बमोजिम प्रस्तुत गरेको देखिन्छ।

**4.1 (A) Findings of Completeness Examination of Bids**

बुँदा नं. १ देखि ७ सम्म Letter of Technical Bid, Bid Bond Validity, Power of Attorney, JV Agreement, Registration Certificates, PAN and VAT Certificates, Audited Financial Reports of last three fiscal years आदि पेश भए नभएको भनी परीक्षण गरिएको र ती सबै पेश गरिएको भनी उल्लेख गरेको देखिन्छ।

बुँदा नं. ८ मा लेखिएको व्यहोरा यस्तो छः

*'8. All the qualification information together with the documents required under Section III: Evaluation and Qualification criteria have been submitted except some of the end user certificates (documents) don't disclose contract amount to substantiate the requirements of Subclause 2.4.2 of Section III Evaluation and Qualification Criteria.'*

बुँदा नं. ९ मा ISO Certificate संग सम्बन्धित विषयमा लेखिएको व्यहोरा यस्तो छः

*'Bidder has submitted ISO Certificate 9001:2015. As per the ISO Certificate submitted by the bidder, Mantram Industries Pvt. Ltd. India, manufacturer and exporter of the goods to be procured under this tender but lacks the design of the goods which is one of the requirements that must be complied by the bidder.'*

बुँदा नं. १० मा यस्तो लेखिएको छः

*'All the required bidding forms as per Section IV have been properly submitted.'*

यसैगरी बुँदा नं. ११ र १२ मा Technical Data Sheet र JV Agreement पेश गरेको भनी उल्लेख गरिएको छ। अन्त्यमा 'The Bidder has submitted all the required bid forms.' लेखी Findings को खण्डलाई पुरा गरेको देखिन्छ।

Findings को खण्डपछि प्रतिवेदनमा Deviations भनी उल्लेख गरिएको छ, जुन देहाय बमोजिम रहेको छः

**B. Deviations**

*'1. Some of the end user certificates (documents) have not disclosed contract amount to substantiate the requirements of subclause 2.4.2 of Section III. Evaluation and Qualification Criteria.'*

*'2. As per the ISO Certificate submitted by the bidder, Mantram Industries Pvt. Ltd., India manufacturer and exporter of the goods to be procured under this tender but lacks the design of the goods which is the requirement of bid document as per Bid Data Subclause 12.2(h)(b) and as per Subclause 11.1 of Technical Specification, which had to be complied by the bidder.'*

उल्लेखित दुई बुँदाहरु माथि Findings अन्तर्गत उल्लेखित बुँदा नं. ८ र ९ संग सम्बन्ध (Connection) राख्दछन्। प्रवाह (Flow) मिलेको देखिन्छ।

त्यसपछि Clarification Sought को खण्ड छ, जसमा देहाय बमोजिम लेखिएको छः

**C. Clarification Sought**

1. *..... BEC (Bid Evaluation Committee) decided to send the request for clarification to the bidder to submit the supporting documents for the project(s) as specified in submitted Specific Experience Form-2 to validate ..... at least 8 million U.S. Dollars ..... as per SubClause 2.4.2 of Section III Evaluation and Qualification Criteria withi 7 days ........'*

   *'The bidder submitted the clarification within time and further evaluation was proceeded.'*

सार्वजनिक निकायले यसरी बोलपत्र सारभूत रुपमा प्रभावग्राही ठहर नभएकोबारे निवेदक बोलपत्रदातालाई छुट्टै लिखित जानकारी दिएको देखिँदैन। मिति 23 January 2023 (२०७९/१०/०९) मा सोही शिर्षक राखी दुई वटा प्याकेज बनाई नयाँ बोलपत्रको सूचना जारी भएको देखिन्छ। सोही सूचनाको पुछारमा *'Note: Pursuant to Clause no. 32 of ITB, concerned bidders are notified that none of the received bids was evaluated substantially responsive bid for IFB No. RE-ICB/DCSD-079/80-14 and has been annulled.'* भनी उल्लेख गरिएको छ। यसबाट मात्र बोलपत्रदाताले बोलपत्रको मूल्यांकनको नतिजा र बोलपत्र प्रक्रिया रद्द भएको बारेमा जानकारी प्राप्त गर्न सकेको देखिन्छ।

***निवेदक बिकोई-मन्त्रम जे.भी. द्वारा ऐनको दफा ४७ र ४९ बमोजिम निर्णय पुनरावलोकनका लागि निवेदन***

सार्वजनिक निकायद्वारा खरिद कारवाही रद्द गरेको भन्ने मिति Jan 23, 2023 को बोलपत्रको सूचनाबाट जानकारी प्राप्त गरेपछि निवेदक बोलपत्रदाता BKOI-Mantram JV ले सोही दिन सार्वजनिक निकायका प्रमुखलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम उक्त निर्णय पुनरावलोकन गरी पुनःबोलपत्र आहवान भएको सूचना बदर गर्न विपक्षी सार्वजनिक निकायका प्रमुख समक्ष निवेदन दिएकोमा सार्वजनिक निकायबाट 'We have received your email dated January 23, 2023 regarding evaluation of Bid. We would like to inform you that the only bid submitted for Re-ICB/DCSD-079/80-14 was found not substantially responsive by the bid evaluation team.... Hence the tender Re-ICB/DCSD-079/80-14 was annulled. भनी जानकारी दिएपछि निवेदक बोलपत्रदाताले मिति २०७९/१०/१५ मा सार्वजनिक खरिद पुनरावलोकन समितिमा ऐ. ऐनको दफा ४९ बमोजिम पुनरावलोकन गरी पाऊँ भनी निवेदन दिएको देखिन्छ।

## पुनरावलोकन समितिद्वारा सुनुवाई र समितिको निर्णय/ ठहरः

***पुनरावलोकन समितिद्वारा सुनुवाई***

समितिद्वारा यस बोलपत्रको सन्दर्भमा दुबै पक्षलाई आफ्नो माग दावी प्रस्तुत गर्न तथा प्रतिरक्षा गर्न छलफलको अवसर प्राप्त होस् भनी मिति २०७९/११/०४ गते दिनको ११:३० बजे सुनुवाईको मिति निर्धारण गरिएको थियो। निर्धारित सुनुवाईमा निवेदक बिकोई-मन्त्रम जे.भी. को तर्फबाट विद्वान अधिवक्ता हेमराज सुबेदी र जेभीका प्रतिनिधि श्री हुमनाथ कोइरालाले तथा विपक्षी सार्वजनिक निकाय नेपाल विद्युत

फाइल अध्ययन गर्दा यसबिच सार्वजनिक निकायले जे.भी.लाई मिति Dec 22, 2022 (२०७९/०९/०७) मा सो बारे प्रष्टीकरण (Clarification) माग गरी ४ वटा बूँदा सहितको पत्र लेखेको देखिन्छ, र तोकिएको अवधिभित्र बिवरण सहित जवाफ प्राप्त गरेको बुझिन्छ।

**5. Conclusion**

*'The bid submitted by the bidder M/S BKOI-Mantram JV is not responsive since the ISO Certificate submitted by the Bidder Mantram Industries Pvt. Ltd. India which is the manufacturer and exporter of the goods to be procured under this tender lacks the design of the goods, one of the requirements of the bidding document and the bidder is determined to be non-responsive and not considered for the next stage of evaluation.'*

**6. Conclusion and Recommendation**

*'Technical Bid submitted by BKOI-Mantram JV is found to be substantially non-responsive; the bidder is determined as disqualified bidder. So it is recommended to annul the bidding process.'*

यो प्रतिवेदनका अनुसार Findings खण्ड अन्तर्गतका विषयहरु Deviations खण्डमा एउटा विषयमा केही कुरा प्रष्ट नभएको देखिएको र अर्को दोस्रो विषय ISO Certificate को बारेमा उठाएको देखिन्छ। Deviations खण्डमा उठाइएका Findings खण्डसंग सम्बन्धित ४ वटा बुँदाका बारेमा Clarification Sought खण्डमा प्रष्टीकरण (Clarification) माग गरी पत्र लेखेको, र बोलपत्रदाताबाट समेत समयावधिभित्र नै जवाफ प्राप्त गरी मूल्याङ्कन कार्यलाई अगाडि बढाइएको जनाइएको छ र Conclusion खण्डमा यसबारे कुनै प्रसंग उल्लेख गरेको पाइँदैन।

ISO Certificate बारेको प्रसंग प्रतिवेदनको बुँदा नं. ९ मा उल्लेख गरिएको, त्यसपछि Deviation खण्डमा आएको तर Clarification Sought खण्डमा नआएको, फेरि Conclusion खण्डमा Bid Non-responsive हुनुको मुख्य आधारका रुपमा लिइएको देखिन्छ।

बोलपत्र मूल्याङ्कन समितिको मिति २०७९/१०/०४ (18 Jan 2023) मा पेश गरेको प्रतिवेदनको आधारमा सार्वजनिक निकायका प्रमुख, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकबाट मिति २०७९/१०/०५ मा बिभिन्न महाशाखाको राय लिई सदर गरेको देखिन्छ।

***सार्वजनिक निकायद्वारा पुनः अर्को सूचना प्रकाशन र बोलपत्र कारवाही रद्द गरेको बारे जानकारी***

नेपाल सरकार सार्वजनिक खरिद अनुगमन समिति

प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयका तर्फबाट प्रबन्धक श्री केदार राज सिलवाल, उपनिर्देशक (अधिवक्ता) श्री राज कुमार पोखरेल र ईञ्जिनियर बसन्तराज नेपालले बहस पैरवी गर्नुभयो।

निवेदकका तर्फबाट विद्वान अधिवक्ता हेमराज सुबेदीले विपक्षी नेपाल विद्युत प्राधिकरणले नियमानुसार पेश गरिएको बोलपत्रको मूल्याङ्कन भैसकेपछि सो मूल्याङ्कन पश्चात् स्वीकृत अस्वीकृत जे भए पनि यथार्थ जानकारी कानुनतः बोलपत्रदातालाई उपलव्ध गराउनु पर्ने, सा.ख. ऐन, २०६३ एवम् नियमावली २०६४ ले जवाफ दिनु पर्ने अधिकार र जिम्मेवारी सार्वजनिक निकायमा रहने उल्लेख गरेको, तर बोलपत्र अस्वीकृत भयो भन्ने कुरा Retender पछि मात्र थाहा हुन आयो, सा.ख. ऐनको दफा २६(२) मा उपदफा (१) जुनसुकै कुरा लेखिएको भए पनि केही बोलपत्रहरु वा एउटा मात्र बोलपत्र सारभूतरुपमा प्रभावग्राही भएका कारणले मात्र बोलपत्र अस्वीकृत गर्न वा पुनः बोलपत्र आह्वान गर्न सकिने छैन भन्ने उल्लेख छ, भने यसरी बोलपत्र अस्वीकृत भएको वा खरिद कारवाही रद्द भएको कारण सहितको सूचना सबै बोलपत्रदातालाई दिनु भन्ने छ, तर सार्वजनिक निकायले मेरो पक्षलाई यसको कारणसहितको जानकारी उपलव्ध नगराएको, मेरो पक्षले Notorized Certificate हरु पेश गरिसकेपछि ती Certificate हरु स्वतः Valid मानिनेमा ती Certificate का बारेमा प्रश्न उठाइयो, थप कागजात मागियो, मेरो पक्षबाट सबै कागजातहरु तोकिएको समयमै उपलव्ध गराएको, सूचनामा Design भनेर माग नै नगरिएको तर Design शव्द राखेर Test गर्न खोजियो, सबै कागजात/प्रमाण पुग्दा पुग्दै पनि Quantity थप गर्नु पर्ने कारण देखाई मेरो पक्षलाई काम नदिने नियत राखी बोलपत्र रद्द गरियो, अब छुट्टै कारण दिन पाइएन, जुन कानुनतः बदरभागी छ भनी गरेको बहस सुनियो।

सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयको तर्फबाट प्रबन्धक श्री केदार राज सिलवालले Supply and Delivery of LT Aerial Bundled Cables (ABC) नांगो तार भएको ठाउँमा reliable quality insulated cable प्रयोग गरी जोडेर राखिने तार हो, तर यो अत्यन्त संवेदनशील हुन्छ, त्यसैले Design लाई महत्व दिनु पर्ने हुन्छ, Manufacture र Export गर्ने कम्पनी भन्दैमा Design गुणस्तरीय गर्न सक्ने क्षमता नभैकन Quality assure हुन सक्दैन भन्ने तर्क राख्नुभयो भने विद्वान अधिवक्ता राजकुमार पोखरेलले खरिद ऐनमा भएका केही प्रावधानहरुको चर्चा गर्दै बोलपत्रदाताले पुनः मूल्याङ्कन गरी पाउँ, नगरेमा मलाई ५ करोड रुपैयाँ बराबरको घाटा हुन्छ भनी गरेको फिराद कानुनसम्मत कानूनयुक्त हुँदैन, प्रस्तुत बोलपत्रमा PPMO को Guidelines लाई हुबहू अबलम्बन गरी केही थपघट गर्नु पर्ने भए सा.ख. ऐन नियम अनुकुल हुने गरी Amendment गर्न सकिने आधारमा Ammendment गरिएको, मूल्याङ्कन कमिटीले ऐनमा भएकै प्रावधानहरुका आधारमा मूल्याङ्कन नगरेको, मूल्याङ्कन त्रुटिपूर्ण छैन

भनी गरेको बहस पैरवी पनि सुनियो। साथै, ईञ्जिनियर बसन्तराज नेपालले प्रतिष्पर्धा स्वच्छ होस्, अधिक होस् र राम्रो कम्पनी छान्न पाइयोस् भन्ने मनशायले Technical specification अनुरुपको सामान supply गर्न सकियोस् भन्ने उद्देश्य राखेर नै काम गरेको भनी दिएको तर्क पनि सुनियो।

## *समितिको निर्णय/ ठहरः*

अब निवेदक बिकोई-मन्त्रम् (BKOI-Mantram) जे.भी.को माग बमोजिम सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरबार मार्ग, काठमाण्डौंले मिति 31st October 2022 मा प्रकाशित बोलपत्रको पुनःसूचना अनुसार निवेदक बोलपत्रदाताद्वारा दर्ता गरिएको एक मात्र बोलपत्र प्राविधिक मूल्याङ्कनबाट सारभूत रुपमा प्रभावग्राही नरहेको ठहर गरी सो बोलपत्र र खरिद कारवाही रद्द गरेको कार्य मिलेको छ कि छैन भन्नेमा निर्णय दिनु पर्ने देखियो। ।

## *मूल्याङ्कन समितिले गरेको मूल्याङ्कन र मूल बिवादको विषय*

मिति 07th December 2022 (२०७९/०८/२१) मा दर्ता भएको बिकोई-मन्त्रम जे.भी. को एकमात्र बोलपत्र खोलेको, मिति २०७९/०५/२० मा नै गठित मूल्याङ्कन समितिले मूल्याङ्कन शुरु गरेको र मिति 22nd December 2022 (२०७९/०९/०७) मा केहीं बुँदामा प्रष्टीकरण (Clarification) को लागि निवेदक बोलपत्रदातालाई पत्राचार गरको देखियो। सो पत्राचारको जवाफ प्राप्त भएपछि प्राधिकरणले प्राविधिक मूल्याङ्कनलाई अगाडि बढाएको र बोलपत्र मूल्याङ्कन समितिबाट मिति January 18, 2023 (२०७९/१०/०४) मा निजको बोलपत्र अस्वीकृत गरी बोलपत्र प्रक्रिया रद्द गर्न सिफारीश गर्ने निर्णय गरेको र यसरी निर्णय गर्दा निजले पेश गरेको ISO Certificate मा Design in Scope नभएको हुनाले निजको बोलपत्र सारभूत रुपमा प्रभावग्राही नरहेकोलाई आधार मानेको तर यस सम्बन्धी कुनै पूर्वजानकारी वा प्रष्टीकरण माग नगरी सार्वजनिक निकायबाट गरेको निर्णयमा निवेदक बोलपत्रदाताको चित्त नबुझेको विषय नै मूल बिवादको विषय रहेको देखियो।

Technical Specification अन्तर्गत 11. Quality Assurance को 11.1 मा लेखिएको व्यहोरा यस्तो छः

*'The manufacturer shall possess ISO 9001 Quality Assurance Certification with design in scope for the manufacture of LV ABC cable for the plant where the manufacture of LV ABC cable is done. The bidder shall furnish a copy of the ISO Certificate certified as true copy of the original by the manufacturer, along with the offer.'*

यही Clause लाई बोलपत्र कागजातको ITB 12.2(h)(b) मा उतारिएको छ। यसमा केही फरक छैन।

मिति 07 Dec 2022 मा दर्ता भएका बोलपत्रहरुको मुचुल्का उठाएपछि मिति २०७९/०५/१४ मा मूल्याङ्कन समितिको एउटा मात्र बैठक बसेको र सोही बैठकबाट सबै आवश्यक निर्णयहरु लिइएको देखियो। सो बैठकबाट सार्वजनिक खरिद ऐन तथा बोलपत्रको स्वीकृत कागजातले गरेको व्यवस्था अनुसार बोलपत्रहरुको परीक्षण र प्राविधिक मूल्याङ्कन गरेको देखियो।

***यस मुध्दामा रहेको मुख्य विषय Design in Scope को सम्बन्धमा*** -

यो विषय Quality Assurance संग सम्बन्धित छ। Quality Assurance मा Design को भूमिका महत्वपूर्ण हुन्छ। यो component लाई समावेश गरेर सार्वजनिक निकायले विद्युत वितरण प्रणालीलाई उच्च गुणस्तरीय बनाउने आफ्नो उद्देश्यलाई स्पष्ट पारेको छ। तर उद्देश्य सही हुँदा हुँदै पनि बोलपत्रको मूल्याङ्कनको प्रकियालाई अध्ययन गर्दा यहाँनिर केही सवाललाई हेर्नु जरुरी देखियो:

१. Design भन्ने शव्द मात्र उल्लेख गरेर गुणस्तरीयतालाई आश्वस्त पार्न पर्याप्त हुँदैन। बोलपत्र कागजातको Technical Specification अध्याय (पृ. नं. ८०-८७) अन्तर्गतका १२ वटा बूँदाहरुमा 1. Scope र 11.1 Quality Assurance उपशिर्षकमा बाहेक यो शव्द प्रयोग गरिएको देखिँदैन। अझ, कहाँ कहाँ, कुन कुन चरणमा र केकालगि Design गर्ने भन्ने बारेमा कहीं कतै बिवरण उल्लेख गरेको देखिँदैन। यसरी Scope मा Design मात्र नभई सामानको Design कै Scope प्रष्ट हुनु जरुरी हुन्छ, जुन यसमा भएको देखिँदैन। यस्तो प्रष्टता नहुँदा Design शव्दलाई Jargon को रुपमा मात्र प्रयोग भएको भान हुन्छ।

२. Technical Specification को 1. Scope को बिवरण पढ्ने हो भने यस्तो लेखेको पाइन्छ- 'The specification covers design, manufacture, testing before dispatch, transportation, supply and delivery of 1100 V Aerial Bundled Conductors (ABC) ....' भनेर लेखेको छ। अर्थात् Design मात्र होइन, त्यहाँ धेरै अन्य Component हरु पनि रहेका छन्।.

३. Technical Specification को Chapter ले Specification हरु दिएको छ तर कहाँ Design गर्नु पर्छ भन्ने कुरा प्रष्ट पारेको अवस्था छैन। तालिका नं. 9.1 Technical Parameters शिर्षक अन्तर्गत specification का parameter हरु दिएको छ। यसैका आधारमा उत्पादकहरुले निर्माण गर्छन्, प्राविधिक परीक्षण रिपोर्ट तयार गर्छन्, अपुग भए पुनः सच्याएर निर्माण गर्छन् र सामान आपूर्ति गर्छन्। सामान्य प्रकिया यही हो। निज बोलपत्रदाता Mantram Industries उत्पादक हो उसले

उत्पादन र निर्यात मात्र गर्छ भनी राय दिईरहँदा उसले डिजाइन नगरी वा नगराईकन उत्पादन गर्छ भन्ने अर्थ लाग्छ, जुन उपयुक्त होइन। उत्पादकले Employer ले माग गरे अनुसारको Specification का parameters बमोजिम नै उत्पादन गर्ने हो। जथाभावी उत्पादन गर्छ भन्ने अर्थ लगाउन खोज्नु गलत हुन जान्छ।

यसका साथै, नेपाल विद्युत प्राधिकरणको आफ्नै विशेष टोलीले समेत यसको जाँचबुझ गर्दछ र प्राविधिक रुपमा स्वीकार्य भएको अवस्थामा मात्र स्वीकृति प्रदान गरिन्छ। अर्थात्, Design को भूमिका रहँदा रहँदै पनि सूचना र डकुमेन्टबीच अन्यौल हुन गएको कारण र प्रचलित प्रकियाका कारण समेत ISO Certificate मा 'Design' शव्द नरहनु भनेको Requirement का अरु सबै शर्तहरु पूरा भइसकेको अवस्थामा यसलाई Minor Deviation भन्दा बढी महत्व दिनु वाञ्छनीय हुने देखिएन।

***बोलपत्रको सूचना, बोलपत्रको कागजात र बोलपत्रदाताको सम्बन्धः***

बोलपत्रको प्रक्रिया सार्वजनिक निकायले जारी गर्ने बोलपत्रको सूचनाबाट प्रारम्भ हुन्छ। बोलपत्रदाताले सर्वप्रथम बोलपत्रको सूचना हेरेर नै मनस्थिति बनाउँछन् र प्रकिया प्रारम्भ गर्ने गर्दछन्। हुन त भन्ने गरिन्छ कि बोलपत्रदाताले बोलपत्र कागजातलाई अद्योपान्त हेरेर बोलपत्र भर्नु पर्दछ, तर अभ्यासमा त्यस्तो पाईंदैन। साथै, सार्वजनिक निकायले पनि बोलपत्रको प्रकृया प्रारम्भ गर्दा बोलपत्रको सूचना र बोलपत्रको कागजातमा एकरुपता हुने गरी गर्नु पर्ने हो तर त्यो दायित्व पूरा गरेको पाइँदैन। वास्तवमा यही विषमता नै यस मुध्दाको चूरो हो।

सार्वजनिक निकायको भनाई बोलपत्रदाताले बोलपत्र कागजातमा लेखिएको Design सहितको ISO Certificate पेश गर्नु पर्ने थियो भन्ने रहेको देखिन्छ भने अर्कोतिर, यदि त्यसो हो भने Design शव्दलाई सूचनामा पनि प्रष्ट उल्लेख गर्नु पर्ने थियो र Evaluation Criteria मा विशेष उल्लेख गर्नु पर्ने थियो भन्ने बोलपत्रदाताको भनाई रहेको देखिन्छ। बोलपत्रदाताको भनाईमा Design को आशयलाई पालना नगर्ने भन्ने छ जस्तो देखिँदैन किनभने अन्ततः सामान स्वीकार्य भएर आपूर्ति नभएसम्म उसले भुक्तानी पाउँदैन र उसले त्यस्तो जोखिम लिन्छ भनी अनुमान गर्न सकिँदैन। तर निजको भनाईमा केही आधार देखिन्छन्।

सुनुवाईको क्रममा निवेदकका तर्फबाट प्रस्तुत नेपाल विद्युत प्राधिकरणको Transmission Directorate, Grid Development Department अन्तर्गत Bhumahi-Hakui 132 kV Transmission Line Project को लागि

मिति 13 Bovember 2022 मा प्रकाशित IFB No. SHTL-NCB-079/80-01 को ठेक्काको लागि बोलपत्र सूचना प्रकाशित गर्दा Design, Supply, Construction, Installation, Testing and Commissioning of Sunwal-Hakui 132 KV Transmission Line भनी सूचनामा खुलाइएकोप्रति ध्यानाकृष्ट भएको छ। यस बोलपत्र सूचनाको लागि सार्वजनिक निकायले के-के माग गरेको रहेछ भन्नेमा दुविधा रहने अवस्था छैन। यो बोलपत्र सूचनालाई पारदर्शिता र खरिद कारवाहीको सुशासनको एउटा दृष्टान्तका रुपमा लिन सकिन्छ। त्यसमा जे बनाउन खोजिएको हो, त्यसबारे प्रष्टसंग सूचनामा नै लेखिएको देखियो।

यस्तै, कुनै संस्थाले Build, Own and Turnover (BOT) मात्र लेखेर बोलपत्र सूचना प्रकाशित गरेको छ र बोलपत्र कागजातभित्र Build, Own, Operate and Turnover (BOOT) सम्बन्धी कुराहरु समावेश छन् भने त बोलपत्रदाताहरुलाई अल्मल्याउने कुरा हुन जान्छ। स्पष्टताका साथ लेखिएको सूचनाबाट सार्वजनिक निकायको उद्‌देश्य प्रकट हुन्छ र पारदर्शिता स्थापित हुनजान्छ। सार्वजनिक निकायले गुणस्तरीय सामान आपूर्ति गराउने उद्‌देश्य प्राप्तीका लागि यो आवश्यक छ। जानेर वा नजानेर, सार्वजनिक निकायले अपनाएको बोलपत्र प्रक्रियामा सार्वजनिक खरिद ऐनले अंगीकार गर्न खोजेको पारदर्शितालाई छल्न खोजेको देखियो। यसो गर्नु हुँदैन।

***निवेदक बोलपत्रदातासंग Design in Scope सहितको ISO Certificate छ कि छैन भन्ने सम्बन्धमा***


Quality Assurance को लागि Design लाई Scope मा राख्नु सही हो, यसलाई गल्ती भन्न मिल्दैन। तर यस शव्दलाई बोलपत्र कागजातको Specification मा शव्दको रुपमा मात्रै राखिएको छ कि Specific purpose, area र stage पनि खुलाइएको छ भनी प्रश्न गरिएको हो जसको उत्तर सोझो रुपमा सम्बन्धित बोलपत्रको कागजातमा देखिँदैन। यस्तो अवस्थामा Design शव्दावली प्रयोग नगर्नुलाई मात्र Major Deviation को आधारका रुपमा लिनु मिल्ने आधार हो भनी भन्न सकिएन।

अर्को तर्फ वास्तवमा निवेदक जे.भी.का साझेदार भारतीय कम्पनी Mantram Industries संग Design सहितको ISO Certificate छ कि छैन भन्ने प्रश्न पनि त्यतिकै बलियो रुपमा उठ्न सक्छ, किनकि 11.1 Quality Assurance को पहिलो वाक्यमा 'The manufacturer <u>shall possess</u> ISO 9001 Quality Assurance Certification with design in scope for ....' भनी उल्लेख गरिएको छ, जसले त्यो Certification निजसंग विद्‌यमान हुनै पर्ने भन्ने शर्त राखेको देखिन्छ।

नेपाल सरकार सार्वजनिक खरिद अनुगमन कार्यालय

निवेदक बोलपत्रदातासंग Design सहितको ISO Certificate रहेको कुरा प्रमाण सहित मिति २०७९/११/०४ मा भएको सुनुवाईका क्रममा निवेदकका तर्फबाट इजलास समक्ष पेश गरिएको थियो। प्रारम्भमा बोलपत्र पेश गर्दा निवेदक बोलपत्रदाताले दुईवटा ISO Certificate (एउटा IAF बाट जारी भएको र अर्को IMC/GAAF बाट जारी भएको) हरु पेश गरेको सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरणको फाइलबाट देखिन्छ। यी दुईमध्ये IAF द्वारा जारी Certificate को म्याद (Validity) सकिएको (expire भएको) देखियो भने अर्को, IMC/ GAAF द्वारा 04th August 2022 मा जारी Certificate को म्याद भने Active नै रहेको तर त्यसमा Design शव्द नरहेको देखियो।

निवेदक बोलपत्रदाताले सुनुवाईको क्रममा इजलास समक्ष पेश गरेको ISO 9001: 2015 मा Design समावेश रहेको, 08th August 2022 मा IMC/GAAF द्वारा जारी भएको र Authorized Signatory समेत सोही अधिकारी रहेको दस्तखतबाट देखियो (तल चित्र नं. १ हेर्नुहोस्)।


Certificate of Registration

MANTRAM INDUSTRIES PRIVATE LIMITED

27/28A SECTOR F, SANWER ROAD, INDUSTRIAL AREA, INDORE (MADHYA PRADESH), INDIA.

ISO 9001:2015

Quality Management System


DESIGN MANUFACTURERS AND EXPORTER OF ACSR/AAAC/AAC CONDUCTOR AERIAL BUNCHED CABLES & ALL CABLES UPTO 33 KVA

Authorized Signatory

चित्र-१

तर यो Certificate को Authenticity जाँच्न जरुरी थियो। Global Accreditation Assessment Forum Series (GAAFS) को Website gaafs.us मा visit गरी Certificate Number: IMC-RLHV-23-0818978 type गरी search गर्दा Mantram Industries बारे Design सहितका बिवरण खुल्यो र Status पनि Active रहेको आदि बिवरण

दियो (तल चित्र नं. २ हेर्नुहोस्।)। अर्थात् यसबाट निज कम्पनी Mantram Industries र यसका कारण BKOI-Mantram JV प्रस्तुत कामका लागि सक्षम, योग्य, अनुभवी र माग गरिए अनुसारको ISO Certificate हुनुपर्ने शर्त समेत पूरा गर्न सक्ने कम्पनीका रुपमा देखिएकोमा बिवाद गरिरहनु पर्ने देखिएन।




| Certificate No.: | Comapny Name | Address | City | Country | Standard | Scope | Contact Person | Certification Date | Status |
|---|---|---|---|---|---|---|---|---|---|
| IMC-RLHV-23-0818978 | MANTRAM INDUSTRIES . PRIVATE LIMITED | 27/28A SECTOR F, SANWER ROAD, INDUSTRIAL AREA, INDORE, (MADHYA PRADESH), INDIA. | INDORE | INDIA | ISO 9001:2015 | DESIGN MANUFACTURERS AND EXPORTER OF ACSR/AAAC | MANAGEMENT HEAD | 08TH AUGUST 2022 | / |

चित्र २

यसरी जारी मिति (08th August 2022) का हिसाबले निज निवेदक बोलपत्रदातासंग ISO Certificate विद्यमान रहेको देखियो, तर सूचनामा Design प्रष्ट उल्लेख नभएका कारणले 04th August 2022 मा जारी ISO Certificate भए पुग्छ भन्ने धारणा बनाएर सो Certificate पेश गरेको बुझ्न सकिन्छ। प्रष्टता नगर्नु सार्वजनिक निकायको कमजोरी हो। आफ्नो कमजोरीको सजाय अरुको काँधमा जिम्मा लगाउने कार्यलाई कानून र न्यायसम्मत कार्य मान्न सकिएन।

अन्ततः काम त सार्वजनिक निकायको हो। प्रस्तुत कामका लागि एक पटकको बोलपत्र सूचनामा कुनै पनि बोलपत्र नपरेको बिगत छ। यो पुनः बोलपत्र आह्वान गरिएको सूचनामा पनि एउटा मात्र परेको अवस्था छ। अर्कोतिर विद्युत वितरणको लाइन तान्ने कार्य अतिआवश्यक अर्थात् प्राथमिकताभित्र पर्ने कार्यभित्र पर्दछ। यसरी यसले काम समयभित्र गर्नु पर्ने दबावलाई बढाएको स्थितिबाट आँखा चिम्लन

सकिँदैन। यस्तो अवस्थामा सारभूतरुपमा प्रभावग्राहीको परीक्षामा समेत सक्षमतापूर्वक खडा रहेको बोलपत्रदातालाई एउटा मात्र सामान्य प्राविधिक कमी (Lacking) लाई Minor रुपमा नलिई ठूलो (Major) रुपमा लिएर सारभूतरुपमा प्रभावग्राही नरहेको ठहर गर्ने निर्णयमा पुग्नु संस्थाको निर्दिष्ट कार्यक्रमिक लक्ष्यप्राप्तीका दृष्टिले समेत सही निर्णय मान्न सकिएन।

***बोलपत्रदाताको योग्यता सम्बन्धी कागजातहरुको अवस्था***

कुनै पनि बोलपत्र अस्वीकृत गर्न वा खरिद कारवाही रद्द गर्नका लागि सार्वजनिक खरिद ऐन, २०६३ ले दफा २६ मा व्यवस्था गरेको छ। दफा २६ को उपदफा (१) ले व्यवस्था गरेका (क), (क१), (ख) र (ग) गरी ४ व्यवस्थामध्ये (क) ले गरेको *'कुनै पनि बोलपत्र दफा २३ को उपदफा (२) को खण्ड (घ) बमोजिम सारभूत रुपमा प्रभावग्राही नभएमा'* भन्ने व्यवस्थामा टेकेर गरेको निर्णयलाई अन्यथा भन्न मिल्दैन। तर निजको बोलपत्रलाई सारभूतरुपमा प्रभावग्राही ठहर गर्न सार्वजनिक निकायले उपयुक्त प्रकृया पूरा गरेको रहेछ कि छैन भन्ने पृष्ठभूमिलाई अध्ययन गर्नु पर्ने हुन्छ। मूल विवादको विषय त्यही हो।

यस बोलपत्र प्रक्रियामा बोलपत्रदाताले बाँकी सम्पूर्ण शर्तहरु पूरा गरेको भनी प्राविधिक मूल्याङ्कन प्रतिवेदनले बोलेको छ। बोलपत्र मूल्याङ्कन समितिले केही कुरामा प्रष्टीकरण माग गरेकोमा सो प्रष्टीकरण आएपछि त्यसको विपक्षमा प्रतिवेदनमा केही नबोलेबाट ती बूँदाहरुमा समेत समिति सन्तुष्ट भएको भनी बुझ्न गाह्रो देखिन्नँ। एकमात्र Design विषयको बारेमा मात्र अड्को रहेको देखिएको छ। यसबारेमा निवेदक जे.भी. त्यसमा पनि भारतको Mantram Industries ले पूरा गरेका कामको परिमाण र प्रमाणपत्रहरुका आधारमा निजको अनुभव, क्षमता र योग्यता सारभूत रुपमा पर्याप्त देखिने कुरा माथि छुट्टै प्रकरणमा व्यख्या गरिएको छ।

सारभूतरुपमा प्रभावग्राही अर्थात् Substantially Responsive भनेको सम्पूर्णतः शर्त शतप्रतिशत पूरा गर्ने भन्ने होइन। त्यो अधिकांशतः सम्भव छैन। त्यसो भएर नै Substantially Responsive भन्ने शव्द coin गरिएको पाइन्छ। साथै, Selection Criteria मा कतै Major Deviation वा Minor Deviation भनेर वर्गीकृत गरेको पनि देखिएन। त्यसैले यस पृष्ठभूमिमा सार्वजनिक निकायले आफ्नो निर्णयमा पुनरावलोकन गर्नु वाञ्छनीय देखिन्छ।

***एउटा बुँदामा प्रष्टीकरण (Clarification) माग्नु र अर्को बुँदालाई टेकेर बोलपत्र रद्द गर्ने कार्य गर्नु गलत अभ्यास***

बोलपत्र मूल्याङ्कन समितिले बोलपत्र मूल्याङ्कनको क्रममा केही कुरा बुझ्न पर्ने देखिएपछि मिति २०७९/०९/०७ (22 Dec 2022) मा (1). M/S Catskill Infra Project Pvt. Ltd. in JV with Power Solution र M/S OM Builders को Contract Amount खुल्नेगरी Notorized end user Certificates, (2). M/S La Narsy Infra Limited ले गरेको कामको Notorized Certificate, (3). M/S Mantram Industries Pvt. Ltd. को कम्तिमा 4,000 Km of LT ABC supply गरेको Notorized Performance Certificate र (4). Lat 3 years को Notorized Auditor's Reports गरी ४ वटा डकुमेन्ट 28th December 2022 सम्म पेश गर्न पत्राचार गरेको थियो।

प्राविधिक प्रतिवेदनको Deviation खण्ड अन्तर्गत बुँदा नं. १ र २ मा Deviation भनी उल्लेखित दुईवटा विषयमध्ये यो माथिको एउटा विषय हो। यो विषयमा बोलपत्रदातालाई जानकारी भयो। निज बोलपत्रदाताले समयावधिभित्र नै प्रष्टीकरण र आवश्यक डकुमेन्ट पेश गरेको देखियो जसका आधारमा बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन प्रक्रियाको निस्कर्ष (Conclusion) निकाल्दा यो विषयलाई उल्लेख (Mention) गरेको पाइएन।

तर Deviation सम्बन्धी दोस्रो बुँदा ISO Certificate र Lacking in Design scope को बारेमा बोलपत्रदातालाई कुनै जानकारी पनि दिइएन र कुनै प्रष्टीकरण पनि मागिएन। तर बोलपत्र अस्वीकृत हुँदा यसको आधारमा गरियो। बोलपत्र मूल्याङ्कनको क्रममा रहिरहेको अवस्थामा, कुनै विषयका बारेमा आफूलाई सम्पर्क र पत्राचार गरिरहँदा र आफू मात्र त्यस बोलपत्र प्रक्रियाको बिल्कुल वैध साझेदार भईरहेको अवस्थामा कुनै अर्को विषयमा आफूलाई कुनै जानकारी नै नदिई तथा कुनै प्रतिकिया दिने अवसर नै नदिई त्यही विषयलाई आधार बनाई अयोग्य करार दिनु बोलपत्रदातालाई अन्यायपूर्ण कार्य हुन्छ र आशंका गर्नु पर्ने आधार हुन जान्छ। यसलाई नकार्न सकिने अवस्था रहन्न। यसरी सार्वजनिक निकायले प्रष्टीकरण (Clarification) एउटा विषयमा माग्ने र कुनै अर्को विषय वा बूँदामा टेकेर बोलपत्र रद्द गर्ने कार्य गरेको देखिन्छ। यसले पारदर्शितालाई छल्न खोजेको र जसरी भए पनि बोलपत्रदातालाई प्रतिष्पर्धाबाट बाहेक (Exclude) गराउने आशय लिएको भन्नेतर्कलाई बल पुग्छ। यस्तो अभ्यास न्यायिक र उचित हुँदैन।

***शव्दावलीको एकरुपता (Consistency) को सवाल***

बोलपत्र कागजातका शव्दावलीमा एकरुपता हुन वाञ्छनीय हुन्छ। यदि त्यसो भएन भने बोलपत्रदाता अलमलमा पर्न सक्ने हुन्छ। त्यस्तो अवस्थामा सार्वजनिक निकायले आफ्नो अधिकार प्रयोग गरी आफू अनुकुलको व्याख्या गरी बोलपत्रदातालाई अप्ठ्यारोमा पारिदिन सक्ने हुन्छ। त्यसो हुँदा शव्दावलीको

प्रयोगमा एकरुपता हुन जरुरी हुन्छ। अझ बोलपत्रको सूचना र बोलपत्रको कागजातभित्र शव्दावलीहरुमा एकरुपता र अलमल नहुने खालको शव्दावली प्रयोग गर्नु पर्दछ।

बोलपत्रको सूचनामा 'Supply and Delivery of LT Aerial Bundled Conductors (ABC)' भनी लेखिएको छ। यसमा Design शव्द प्रयुक्त भएको छैन। अर्को, यसमा 'LT Aerial Bundled Conductors (ABC)' भनी लेखिएको छ।

अर्कोतर्फ बोलपत्रको कागजातभित्र 11.1 Quality Assurance मा *'The manufacturer shall ..... design in scope for the manufacture of LV ABC cable for the plant where the manufacture of LV ABC cable is done.....'* भनी लेखिएको छ। यसमा Design शव्द प्रयुक्त भएको छ। अर्को, यसमा 'LV ABC Cable' भनी लेखिएको छ। यसरी कुनै ठाउँमा LT र कुनै ठाउँमा LV लेख्दा केही नकेही दुविधा सिर्जना हुन्छ। त्यसैगरी कतै Conductor अनि कतै Cable प्रयुक्त भएको छ। शव्दावलीमा एकरुपता (Consistency) भएमा एकार्थी, सरल र स्पष्ट हुने हुन्छ।

***Fake Certificate को ई-मेलको सम्बन्धमा***

बोलपत्रदाता BKOI-Mantram JV का पार्टनर Mantram Industries, India ले पेश गरेको Catskill र Power Solutions द्वारा जारी Experience Certificate Fake हो भन्ने बारेमा सार्वजनिक निकायको बोलपत्र मूल्याङ्कन समितिको प्राविधिक प्रतिवेदनमा कतै उल्लेख गरेको छैन। तर सुनुवाईको क्रममा सार्वजनिक निकायका प्रतिनिधिद्वारा 1 January 2023 मा Power Solution का तर्फबाट Certificate Fake हो भनी लेखिएको Email को प्रति पेश गरेको थियो। यदि यो सत्य हो भने निवेदक बोलपत्रदाताको बोलपत्र सोझै अस्वीकृत हुने मात्र नभै कारवाहीको दायरामा आउने निश्चित हुन्छ।

मिति 21 February 2023 मा निवेदनउपर अध्ययन विश्लेषणको क्रममा सो भारतीय कम्पनीका अर्को साझेदार (Lead Partner) Project Coordinator बाट 'This is to certify and confirm that the certificate of supply provided by us vide letter number CAT/22-23/03 dated 24.12.2022 is 100% genuine and we want to clarify that the project was done with JV with M/S Power Solutions and we are the major working partner. The mail ID on the letter head was unchanged therefore the miscommunication happened......' यसमा थप लेखिएको छ, 'M/S Mantram Industries Pvt. Ltd. is a coordinating supplier and the goods provided by them were of the best quality and till now we haven't received any complaint.'

यसरी पहिलाको Email को सूचनालाई Lead Partner द्वारा प्रेषित दोस्रो Email को व्यहोराले निष्कृय पारेको र बोलपत्र मूल्याङ्कन प्रतिवेदनमा पनि यो कुरा नउठेको हुँदा यसबारे थप केही बोलिरहन परेन।

***वैधानिक अपेक्षा (Legitimate Expectation) को सवाल***

Electronic Bidding System बाट बोलपत्र पेश गरेको, आफ्नो मात्र एकल बोलपत्र परेको, सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम एकल बोलपत्र हुँदैमा बोलपत्र अस्वीकृत गर्न नमिल्ने, सार्वजनिक निकायले कुनै विषयमा प्रष्टीकरण सोधेकोमा प्रष्टीकरण र खोजिएका डकुमेन्टहरु पेश गरेपछि र यसरी सबै अंगहरु पूरा गरी बोलपत्र प्रक्रियामा सहभागी भएपछि बोलपत्रदातामा स्वाभाविकरुपले वैधानिक अपेक्षा (Legitimate Expectation) सिर्जना हुन जान्छ। यस्तो वैधानिक अपेक्षालाई राज्यको कामको लागि राज्यको निकायकै कारण अवरोध उत्पन्न हुन दिनु कुनै पनि दृष्टिले वाञ्छनीय हुँदैन। यसो गर्नु प्राकृतिक न्यायका सिध्दान्तको दृष्टिले समेत गैरकानुनी र गैरजिम्मेवारीपना हुन्छ।

अतः नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरबार मार्ग, काठमाण्डौंबाट IFB No. RE-ICB/DCSD-079/80-14 Supply and Delivery of LT Aerial Bundled Conductor (ABC) कार्यको खरिद कारवाहीका लागि मिति 31 October 2022 मा प्रकाशित बोलपत्रको सूचना अनुसार एकल बोलपत्रदाता M/S BKOI-Mantram JV ले प्रतिष्पर्धामा भाग लिएको र प्राविधिक मूल्याङ्कनको क्रममा मिति Dec 22, 2022 मा सार्वजनिक निकायबाट केही प्रष्टीकरण सोधेकोमा निज निवेदकले समयावधिभित्र नै आवश्यक डकुमेन्ट सहित जवाफ पेश गरेकोमा सार्वजनिक निकायले ISO Certificate मा Design in scope नभएको भनी आफ्नो कुरा राख्न एक पटक पनि कुनै अवसर नै नदिई प्रष्टीकरण सोधेकोभन्दा अर्कै बुँदाको आधारमा बोलपत्र अस्वीकृत गरी खरीद कारवाही रद्द गरेको मिति २०७९/१०/०९ मा अर्को बोलपत्र सूचनाबाट देखेपछि सो निर्णयमा चित्त नबुझी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ अनुसार निर्णय पुनरावलोकनको लागि मिति २०७९/१०/०९ मा सार्वजनिक निकायसमक्ष निवेदन दिएको र तहाँबाट कुनै जानकारी प्राप्त नभएपछि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम निर्णय पुनरावलोकन गरीपाउँ भनी निवेदक बोलपत्रदाता श्री BKOI-Mantram जे.भी. ले यस पुनरावलोकन समिति समक्ष मिति २०७९/१०/१५ मा दिएको निवेदनमाथि अध्ययन, विश्लेषण तथा सुनुवाई गरेपश्चात् सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयले प्राविधिक मूल्याङ्कन गर्ने प्रक्रिया अगाडि बढिरहेको अवस्थामा उल्लेखित बोलपत्रको खरिद कार्वाही नै रद्द गरी अर्को सूचना प्रकाशित गर्ने मिति २०७९/१०/०५ मा गरेको निर्णय मिलेको नदेखिँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को

नेपाल सरकार सार्वजनिक खरिद पुनरावलोकन समिति

उपदफा (५) को खण्ड (ख)(२) बमोजिम सोही हदसम्म वदर गरिदिएको छ। माथि निर्णय ठहर खण्डमा उल्लेख भए बमोजिम जो जे जसो बुझ्न पर्ने हो बुझी प्राविधिक मूल्याङ्कनलाई पुनरावलोकन गरी कानून बमोजिम मूल्यांकन प्रकृयालाई अगाडि बढाउन आदेश गरिदिएको छ। अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

१. यो निर्णयको जानकारी (एक प्रति निर्णय सहित) दुबै सरोकार पक्ष र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनू।
२. निवेदकले राखेको धरौटी नियमानुसार फुकुवा गरिदिनू।
३. सरोकारवालाले नक्कल माग गर्न आएमा नियमानुसार दिनू।
४. निर्णयसहितको मिसिल (फाइल) अभिलेख गरी सुरक्षित राख्नू।

नेपाल सरकार सार्वजनिक खरिद पुनरावलोकन समिति सार्वजनिक खरिद ऐन, २०६३ को ४८ अनुसार गठित

| | | |
|---|---|---|
| (वासुदेव शर्मा पौडेल) | (महेन्द्र बहादुर गुरुङ) | (मोहन कृष्ण सापकोटा) |
| सदस्य | सदस्य | अध्यक्ष |

इति सम्वत् २०७९ साल फागुन १६ गते रोज ३ शुभम्